नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १९९ २०८२ साल फागुन २८ गते बिहीबार (12 Mar2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : समानुपातिकतर्फ ५१ दलले ... ३ पृष्ठमा : नयाँ सरकारसँग युवाको ... ३ पृष्ठमा : मध्यपूर्व द्वन्द्वको प्रभाव ...

# समानुपातिक तर्फको मतगणना सम्पन्न

# रास्वपाले पायो ५१ लाख ४६ हजार ६ सय ८१ मत

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक तर्फको मतगणना बुधबार सकिएको छ ।

रास्वपाले समानुपातिकमा कुल एक करोड ७ लाख ६४ हजार ८ सय ८९ मत मध्ये ५१ लाख ४६ हजार ६ सय ८१ मत ल्याएर पहिलो पार्टी बनेको छ । यो कुल मतको करिब साढे ४७ प्रतिशत भन्दा बढी हो ।

दोस्रो पार्टीको रुपमा रहेको नेपाली कांग्रेसले समानुपातिकमा २० सिट पाउने देखिएको छ । कांग्रेसले प्रत्यक्षमा १८ सिट जितेको छ । कांग्रेसले १७ लाख ५४ हजार ५२ मत ल्याएको छ । प्रत्यक्ष र समानुपातिक गरी प्रतिनिधिसभामा कांग्रेसको ३८ सिट हुने देखिएको छ । गत चुनावको भन्दा करिब आधा बढी कम सिट हो । यसअघि कांग्रेसको ८९ सिट थियो ।

एमालेले समानुपातिकबाट १६ सिट पाउने देखिएको छ । उसले प्रत्यक्षमा ९ सिट जितेको छ । अब प्रतिनिधि सभा २५ सिट हुनेछ । यो संख्या गत प्रतिनिधि सभाको भन्दा तेब्बर कम सिट हो ।

यसअघि एमालेको ७९ सिट थियो । गत चुनावमा समानुपातिकमा पहिलो बढी मत ल्याउने दल रहेको एमाले यसपटक ५० प्रतिशत मत गुमाउँदै १४ लाख ५१ हजार ७५९ मा सीमित भएको छ ।

नेपाली कम्युनिस्ट पार्टीले समानुपातिकमा ९ सिट पाउने देखिएको छ । उसले प्रत्यक्षमा ८ सिट जितेको छ । अब प्रतिनिधिसभामा नेकपाको १७ सिट हुनेछ । नेपाल कम्युनिस्ट पार्टीले समानुपातिकतर्फ ८ लाख ८ हजार ५ सय ८२ मत पाएको छ ।

यो प्रतिनिधिसभामा श्रम संस्कृति र राप्रपाले समानुपातिकमा ४/४ सिट पाउने देखिएको छ । श्रम संस्कृतिले ३ सिट प्रत्यक्षमा जितेकाले अब उसको कुल ७ सिट हुनेछ । राप्रपाले प्रत्यक्षमा एक सिट जितेकाले कुल ५ सिट हुनेछ ।




चुनावबाट उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र सिके राउत नेतृत्वको जनमत पार्टीले भने कुनै सिट ल्याउन सकेनन् । समानुपातिकमा पनि तीन प्रतिशत मतको थ्रेस होल्ड कटाएनन् ।

समानुपातिक निर्वाचन प्रणालीबाट सिट पाउने ६ वटा पार्टी हुने भएका छन् । जसमा एउटा नयाँ र पाँच वटा दल पुरानै छन् ।

यसपटकको निर्वाचनबाट राष्ट्रिय दलको मान्यता पाउने नयाँ दलमा श्रम संस्कृति पार्टी रहेको छ । यो हर्क साम्पाङ नेतृत्वको पार्टी हो । चार महिना अघि खुलेको श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ ३ सिट जितेको छ भने समानुपातिकतर्फ तीन प्रतिशत थ्रेसहोल्ड कटाएको छ ।

बाँकी राष्ट्रिय दलको मान्यत पाउने दलहरूमा राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) रहेका छन् । यी चार दल विघटित प्रतिनिधि सभामा पनि राष्ट्रिय दलको रुपमा रहेका थिए ।

प्रत्यक्षमा १ सय २५ सिट जितेको रास्वपाले समानुपातिक मतको आधारमा ५७ सिट पाउने भएको छ । जसअनुसार रास्वपाले दुबै प्रणालीतर्फ १ सय ८२ सिट पुग्ने निश्चित भएको छ ।

रास्वपा संसदको सबैभन्दा ठूलो दल बनेको छ । रास्वपा दुई तिहाइ बहुमतबाट मात्र दुई सिटले टाढा रह्यो । २ सय ७५ सदस्यीय प्रतिनिधि सभामा दुई तिहाइका लागि १ सय ८४ सिट आवश्यक पर्छ ।

निर्वाचन आयोगले समानुपातिक मतको आधारलाई समेत लिएर सिट निर्धारण गरेपछि मात्र यकिन संख्या आउनेछ । तर आयोगले सिट विभाजनका लागि प्रयोग गर्ने 'सेन्ट लग फर्मुला' मा राखेर अहिले दलहरूले प्राप्त गरेको मतको आधारमा सिट बाँडफाँट गर्दा उसको प्रत्यक्ष र समानुपातिक दुवैबाट कूल १ सय ८२ सिट पुग्ने देखिएको हो । आनलाइन डट कमको सहयोगमा

## सप्तरीमा प्रत्यक्ष र समानुपातिकतर्फ दुबैमा रास्वपा नै पहिलो

## दुबै प्रणालीतर्फ ३५ हजार ६ सय ९३ मत बदर

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरीबाट रास्वपा प्रत्यक्ष र समानुपातिक प्रणालीतर्फ दुबैमा पहिलो दल बन्न सफल भएको छ ।

प्रत्यक्षतर्फ जिल्लाको चार वटै क्षेत्रमा बिजयी भएको रास्वपाले समानुपातिक तर्फ पनि सर्वाधिक मत ल्याई पहिलो दल बन्न सफल भएको हो ।

रास्वपाले प्रत्यक्षमा १ लाख ३५ हजार ८ सय ८६ तथा समानुपातिकमा १ लाख ४९ हजार १ सय ८६ मत प्राप्त गरि पहिलो दल भएको छ ।

प्रत्यक्षतर्फ क्षेत्र नं. १ मा ३८ हजार १ सय ९५, क्षेत्र नं. २ मा २८ हजार ४ सय ४, क्षेत्र नं. ३ मा ३२ हजार ८ सय ७५ तथा क्षेत्र नं. ४ मा ३६ हजार ४ सय १२ गरी कूल १ लाख ३५ हजार ८ सय ८६ मत प्राप्त गरेको रास्वपाले समानुपातिकतर्फ १ लाख ४९ हजार १ सय ८६ मत प्राप्त गरी पहिलो भयो ।

निर्वाचन कार्यालयका अनुसार ३६ हजार ६८ मत ल्याई जसपा नेपाल दोस्रो तथा २६ हजार ९ सय ६३ मत ल्याई नेपाली काँग्रेस तेस्रो स्थानमा छन् । १८ हजार ९ सय १ मत ल्याई जनमत पार्टी चौथो तथा १३ हजार ७३ हजार मत ल्याई नेकपा एमाले पाँचो स्थानमा छ ।

जिल्लामा ४ लाख ४६ हजार ४ सय २ मतदाता मध्ये समानुपातिकतर्फ २ लाख ९३ हजार ६ सय १० जनाले मतदान गरेका थिए ।

जसमध्ये १६ हजार १ सय २५ मत बदर भई २ लाख ७७ हजार ४ सय ८५ मत सदर कायम भएको थियो । प्रत्यक्षतर्फ भने १९ हजार ५ सय ६८ मत बदर भएको थियो । यसरी दुबै प्रणालीतर्फ ३५ हजार ६ सय ९३ मत बदर भएको छ ।

## सिरहा बार एसोसिएसन कार्यालयमा बम विष्फोट, एक घाइते

**दैनिक समाचारदाता**
**सिरहा, २७ फागुन ।**

सिरहा जिल्ला अदालत अगाडि रहेको बार एसोसिएसन कार्यालयमा शंकास्पद वस्तु विस्फोट हुँदा एक कर्मचारी घाइते भएका छन् ।

घाइते हुनेमा सिरहा नगरपालिका १ घर भएका सौरभ यादव रहेका छन् । उनलाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पठाइएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालका अनुसार कार्यलयभित्र राखिएको शंकास्पद वस्तु विस्फोट भएको हो ।

विस्फोटबाट कार्यालयमा रहेका कम्प्युटर लगायतका सामग्रीमा पनि क्षति पुगेको प्रहरीले जनाएको छ ।

प्रवक्ता पालका अनुसार प्रारम्भिक अनुसन्धानमा सुतली बम विस्फोट भएको हुनसक्ने आशंका गरिएको छ । घटनाबारे विस्तृत अनुसन्धान भइरहेको उनले जानकारी दिए ।

## लागुऔषधसहित तीन जना पक्राउ

काठमाडौँ, २७ फागुन (रासस) ।

नियमित गस्तीमा रहेको प्रहरी टोलीले बाराको निजगढ नगरपालिका-११ रतनपुरबाट१२ किलो २३० ग्राम गाँजासहित दुई जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार जीतपुर सिमरा उपमहानगरपालिका-१९ इनर्वा सिरहाका ३५ वर्षीय फिरोज देवान र गौर नगरपालिका-९ का १९ वर्षीय तरबेज आलम पक्राउ परेका हुन् ।

यसैगरी, भरतपुर महानगरपालिका-१८ लाहुरेचोकबाट चिकित्सको सिफारिसमा मात्र खरिद गर्न पाइने २२० फाइल ट्रामाडोलसहित सोही महानगरपालिका-२३ का २९ वर्षीय सोम पाण्डेलाई पक्राउ गरेर अनुसन्धान थालिएको छ । उनीहरूलाई मङ्गलबार पक्राउ गरिएको हो ।

महादेवा गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**बथनाहा, सप्तरी**
मधेश प्रदेश, नेपाल

**नगर प्रहरी सेवा करारमा लिने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/२८**

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा सप्तरीको लागी तपसिल बमोजिमको नगर प्रहरी कर्मचारीहरू करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | २-२०८२-०८३ | नगर प्रहरी सहायक निरिक्षक | १ (एक) |
| २ | ३-२०८२-०८३ | नगर प्रहरी हवल्दार | १ (एक) |
| ३ | ४-२०८२-०८३ | नगर प्रहरी जवान | ९ (नौ) |

विस्तृत जानकारीको लागी महादेवा गाउँपालिका सप्तरीको वेभसाइट www.mahadevamun.gov.np मा प्रकाशित सूचना हेर्नुहोला ।

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय ....

# युग अनुसार शिक्षकहरु परिवर्तन हुनुपर्छ

अहिले परिवेशमा बालबालिकालाई अध्यापन गराउन निकै चुनौतीपूर्ण रहेको छ । कीन भने बालबालिकाहरु आधुनिक शिक्षातर्फ उन्मुख हुँदै गएका छन् । अधिकांश बालबालिकाहरु प्रारम्भिक शिक्षाका लागि विद्यालयमा भर्ना भएपनि घरबाटै त्यस्ता शिक्षा हासिल गरिसकेका हुन्छन् । बालबालिकाहरु कम्प्युटर, ल्यावटप तथा मोबाइलको माध्यमबाट युट्युब, फेसबुक लगायत सामाजिक संजालबाट अधिकांश प्रारम्भिक शिक्षा हासिल गरिसकेका हुन्छन् । विद्यालयमा शिक्षकहरुलाई उनीहरुले सामाजिक संजालबाट प्राप्त ज्ञानबारे बढी जिज्ञासा राख्ने गरेको पाइन्छ ।

तर विद्यालय भनेको शिक्षा हासिल गर्ने ज्ञानको केन्द्र हो । जतिसुकै पनि घरबाट ज्ञान हासिल गरे बालबालिकाहरु जबसम्म शिक्षकले दिएको ज्ञान प्राप्त गर्दैनन् त्यो पूर्ण हुँदैन् । यस्तो अवस्थामा शिक्षकले बालबालिकाहरुको मनोबैज्ञानिक अनुसार नै ज्ञान दिन आफूलाई जुनसुकै बेला पनि तयार रहनु आवश्यक छ । विद्यालयमा शिक्षक नै अभिभावक हो भन्ने कुरालाई मनन् गरि विद्यार्थीहरुलाई पठनपाठन गराउन सके पक्कै पनि त्यो शिक्षा उनीहरुका लागि फलदाय हुन्छ ।

अहिले अवस्थामा बालबालिकाहरुको मनोबृती अनुसार शिक्षा दिन सक्ने अवस्थामा सबै शिक्षक अग्रसर हुनुपर्छ । अनिमात्र बालबालिकाहरु अहिलेको परिवेश अनुसार शिक्षा हासिल गर्न सक्छन् । तसर्थ शिक्षकहरु युग अनुसार आफूलाई परिवर्तन गरेर बालबालिकालाई पठनपाठन गराउनेतर्फ अग्रसर हुनु नै अहिलेको आवश्यकता रहेको छ ।

# समानुपातिकतर्फ ५१ दलले कटाएनन् 'थ्रेस होल्ड'

काठमाडौँ, २७ फागुन (रासस) । प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना सकिएसँगै निर्वाचनमा भाग लिएकामध्ये ५१ दलले थ्रेस होल्ड ( संसद्मा प्रतिनिधित्वका लागि राजनीतिक दलले ल्याउनुपर्ने न्यूनतम मतको सीमा) भन्दा कम मत प्राप्त गरेका छन् ।

यही फागुन २१ गते सम्पन्न निर्वाचनमा समानुपातिक प्रणालीतर्फ संयुक्त निर्वाचन चिह्नसहित कूल ५७ दलले भाग लिएकामा छ दलले संसद्मा प्रवेश पाउने अवस्था देखिँदा ५१ दलले न्यूनतम मत सीमा कटाएका छैनन् ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत खसेको मतमध्ये कुल सदर मतको कम्तीमा तीन प्रतिशत प्राप्त गरेका दललाई मात्रै सिट बाँडफाँट गरिने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ । सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधिसभाको सदस्यमा निर्वाचित हुने कानुनी व्यवस्था रहेको निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार समानुपातिकतर्फ एक करोड सात लाख ३९ हजार ११५ सदर मत गणना भएकामा राष्ट्रिय स्वतन्त्र पार्टीले ५१ लाख ३९ हजार २३५ सहित अग्रता हासिल गरेको छ । नेपाली कांग्रेसले १७ लाख ४९ हजार ५८३, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले १४ लाख चार हजार ८५४, नेपाली कम्युनिष्ट पार्टी ( नेकपा)ले आठ लाख पाँच हजार ७७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजार ६४९ र राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन लाख २९ हजार ४७२ मत हासिल गरेका छन् । यी बाहेकअन्य दलले थ्रेस होल्ड कटाउन नसकेका उहाँले बताउनुभयो ।

न्यूनतम मत सीमा नकटाउने दलमा जनमत समाजवादी पार्टी (जसपा) नेपालको एक लाख ७४ हजार ३१७, राष्ट्रिय परिवर्तन पार्टीको एक लाख ७१ हजार ५०१, जनमत पार्टीले ७९ हजार, एकल चिह्न चकिया (जाँतो, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल)ले ६१ हजार ६७७, नेपाल मजदुर किसान पार्टीले ४२ हजार २४६, राष्ट्र निर्माण दल नेपालले ३८ हजार ९३३, राष्ट्रिय जनमोर्चाले २९ हजार ४४२, का एकल चिह्न बस (नेपाल सङ्घीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनता संरक्षण पार्टी )ले २८ हजार १७८, प्रगतिशील लोकतान्त्रिक पार्टीले २४ हजार ६१७, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले २३ हजार ८५१, मङ्गोल नेशनल अर्गनाइजेशनले २० हजार ८०६, एक चिह्न मोबाइल (आम जनता पार्टी, जनादेश पार्टी नेपाल)ले १३ हजार ४४५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो ।

त्यसैगरी राष्ट्रिय मुक्ति आन्दोलन नेपालले १० हजार ६९५, संयुक्त नागरिक पार्टीको ९८०, स्वाभिमान पार्टीको आठ हजार १३२, राष्ट्रिय जनमुक्ति पार्टीको सात हजार २०७, नेपाल जनता पार्टीको सात हजार १५३, राष्ट्रिय एकता दलको सात हजार ५०, नेपाल कम्युनिष्ट पार्टी ( मार्क्सवादी-लेलिनवादी) ले छ हजार १६२, राष्ट्रिय गौरव पार्टीले पाँच हजार २४१, नेशनल रिपब्लिक नेपालले पाँच हजार १५७, नेपालका लागि नेपाली पार्टीले पाँच हजार सात, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)ले चार हजार ८२३, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले चार हजार ६६८, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ले चार हजार ५०८, राष्ट्रिय ऊर्जा पार्टी नेपालले चार हजार ३१२, समाजवादी पार्टी नेपालको चार हजार २४८, गतिशील लोकतान्त्रिक पार्टीले चार हजार २४८ प्राप्त गरेका छन् ।

नेपाल लोकतान्त्रिक पार्टीले चार हजार १००, नेपाल मातृभूमि पार्टीले दुई हजार ९७२, राष्ट्रिय जनता पार्टी नेपालको दुई हजार ९२५, बहुजन शक्ति पार्टी नेपालको दुई हजार २६६, नेपाल जनमुक्ति पार्टीले दुई हजार १६२, जनअधिकार पार्टीले दुई हजार १०५, नेपाल सद्भावना पार्टीले दुई हजार १५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो ।

पिपुल फष्ट पार्टी, नेपाली कांग्रेस (बिपी), नागरिक शक्ति नेपाल, नेपाल जनश्रमदान संस्कृति पार्टी, नेपाली जनता दल, समावेशी समाजवादी पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, एकल चिह्न जगर भएको सिंह ( सचेत नेपाली पार्टी, नागरिक सर्वोच्चता पार्टी नेपाल) र जनप्रिय लोकतान्त्रिक पार्टीले दुई हजारभन्दा कम मत प्राप्त गरेका उहाँले बताउनुभयो ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुन्छ । निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू नहुने आयोगले जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था रहेको आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्नेछन् ।

# दुई लाख ३७ हजार किशोरीलाई क्यान्सरविरुद्धको खोप

काठमाडौँ, २७ फागुन (रासस) । पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप करिब दुई लाख ४० हजार किशोरीले लगाएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत माघ २५ देखि फागुन १५ गतेसम्म सञ्चालन गरेको अभियानमा दुई लाख ३७ हजार ९७२ जना किशोरीले पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाएको स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो ।

नियमित एचपिभी खोप लगाउने दुई लाख १५ हजार ३१४ जना र गत वर्षको खोप अभियानमा छुट भएका २२ हजार ६४८ जना किशोरी रहेका छन् । शाखा प्रमुख डा गौतमका अनुसार अभियानमा नियमिततर्फ खोप लगाउने कक्षा ६ मा पढ्ने दुई लाख एक हजार ८९ छात्रा र विद्यालय नजाने १० वर्ष उमेर समूहका १३ हजार ५८५ किशोरी रहेका छन् ।

यस्तै सरकारले गत वर्षको एचपिभी खोप अभियानमा छुटेका अहिले कक्षा ७ देखि १० सम्म पढिरहेका १४ हजार ५८६ छात्राले खोप लगाएका छन् । यस्तै अभियानका क्रममा ११ वर्षदेखि १४ वर्षका विद्यालय नजाने आठ हजार ४९ किशोरी पनि खोप लगाएको छन् । छात्रा र किशोरीलाई खोप आ-आफ्नो विद्यालय र स्वास्थ्य संस्थामा लगाइएको थियो ।

शाखा प्रमुख डा गौतमले धनुषा, महोत्तरी, अर्घाखाँची, गुल्मी, पाल्पा र रोल्पा जिल्लाबाट विवरण प्राप्त गर्न बाँकी रहेको बताउनुभयो ।

हिमाली भेगका चार जिल्लामा खोप अभियान सञ्चालन हुन सकेको छैन । विद्यालय बिदा भएकाले डोल्पा, हुम्ला, जुम्ला र मनाङ जिल्लामा खोप अभियान सञ्चालन हुन सकेको शाखा प्रमुख डा गौतमले जानकारी दिनुभयो ।

उहाँका अनुसार ती जिल्लामा चैत महिनामा एचपिभी खोप अभियान सञ्चालन गरिने छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ ।

## राजविराज नगरपालिका

१० नं. वडा कार्यालय

राजविराज-सप्तरी

मिति : २०८२-११-२५

**विषय :- कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

सूचना ! सूचना ! सूचना !

उपरोक्त सम्बन्धमा यस जिल्ला सप्तरी राजविराज नगरपालिकाको चालु आ.व. २०८२/०८३ को वडा स्तरीय योजना अन्तर्गत वडा नं. १० को योजना/कार्यक्रमको बजेट विपद व्यवस्थापन तर्फ रु २००००० अक्षरेपी दुई लाख मात्र सिमा भित्र रहेको नागरिक कार्यक्रमको लागि सम्बन्धित संघ संस्थाले आ-आफ्नो संघ संस्थाको मु.अ.कर प्रमाण पत्र विधान सुचिदर्ता प्रमाण पत्र प्रतिलिपि सहितको कार्यक्रमको प्रस्तावना सहित ७ दिन भित्र राजविराज नगरपालिकाको सामाजिक विकास शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

## राजविराज नगरपालिका

११ नं. वडा कार्यालय

राजविराज-सप्तरी

मिति : २०८२-११-२५

**विषय :- कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

सूचना ! सूचना ! सूचना !

उपरोक्त सम्बन्धमा यस जिल्ला सप्तरी राजविराज नगरपालिकाको चालु आ.व. २०८२/०८३ को वडा स्तरीय योजना अन्तर्गत वडा नं. ११ को योजना/कार्यक्रमको किशोरीहरुलाई प्रजनन स्वास्थ्य सम्बन्धी तालिम रकम २५०००० अक्षरेपी दुई लाख पचास हजार मात्र सिमा भित्र रहेको नागरिक कार्यक्रमको लागि सम्बन्धित संघ संस्थाले आ-आफ्नो संघ संस्थाको मु.अ.कर प्रमाण पत्र विधान सुचिदर्ता प्रमाण पत्र प्रतिलिपि सहितको कार्यक्रमको प्रस्तावना सहित ७ दिन भित्र राजविराज नगरपालिकाको सामाजिक विकास शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

